# सासेकको सिङ्गापुर बैठक

गुञ्जबहादुर खड्का September 16, 2013

## क्षेत्रीय व्यापार रणनीति तय गर्दै

भदौ ३०, काठमाडौं । सिङ्गापुरमा कात्तिक महीनामा हुने दक्षिण एशिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक)को बैठकले क्षेत्रीय व्यापार रणनीति तय गर्ने भएको छ । एशियाली विकास बैङ्क (एडीबी)को आर्थिक तथा प्राविधिक सहयोगमा कात्तिक १२ र १३ गते हुने सो बैठकले नेपालसहित भारत, बङ्गलादेश र भुटानको साझा व्यापार रणनीति तय गर्ने छ ।

सासेकअन्तर्गत सदस्य राष्ट्रका कार्यसम्पादन समूहको बैठकमा ढुवानी र व्यापार सहजीकरणमा भएका प्रगति, समस्या र भावी रणनीति तय गर्न चारओटा छुट्टाछुट्टै विषयमा छलफल हुनेछन् । चार विषयक छलफलको अध्यक्षता छुट्टाछुट्टै देशले गर्ने वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिव दीपक सुवेदीले वताए । सासेक परियोजनाले क्षेत्रीय ढुवानी, व्यापार सहजीकरण, ऊर्जा, सूचना र सञ्चारप्रविधिको विकासमा सहयोग पुऱ्याउँदै आएको छ ।

बैठकमा एडीबीले सासेकमा आबद्ध देशको व्यापारिक अवस्था, समस्या र सम्भावनासम्बन्धी छुट्टै अनुसन्धानमूलक कार्यपत्रसमेत प्रस्तुत गर्नेछ । सोही कार्यपत्रमाथि सदस्य राष्ट्रले आआफ्नो धारणा राख्ने र भावी व्यापार रणनीतिको मस्यौदालाई अन्तिम रूप दिने सुवेदीको भनाइ छ । कार्यसम्पादन समूहको बैठकमा भाग लिन नेपालबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव तुलसीप्रसाद सिटौलाको नेतृत्वमा वाणिज्य मन्त्रालयबाट एक/एक जना सहसचिव र उपसचिव तथा भन्सार विभागका उपमहानिर्देशकसहितको टोली जाने भएको छ ।

विश्वको कुल व्यापारमा दक्षिण एशियाको हिस्सा ५ प्रतिशतभन्दा कम रहेको छ । त्यसमा पनि बङ्गलादेश, नेपाल, भुटान र भारत रहेको यो समूहले अधिकांश अंश ओगट्छ । सोही कारण यस क्षेत्रको व्यापार प्रवर्द्धन गरी लागत खर्च कम गर्न क्षेत्रीय स्तरको पारवहन सन्धि नगरेसम्म व्यापारका अवरोधलाई हटाउन नसकिने व्यापारविज्ञहरूको भनाइ छ । बैठकबाट एकीकृत व्यापार विकासका लागि विद्यमान अवरोध हटाउने गरी स्पष्ट मितिसहितको प्रतिबद्धता आउनुपर्ने व्यापारविज्ञ डा. रत्नाकर अधिकारी बताउँछन् ।

खासगरी विश्व व्यापार सङ्गठन (डब्ल्यूटीओ)को बृहत् अवधारणाभित्र रहेर सासेक क्षेत्रका देशहरूले क्षेत्रीय व्यापारको भावी रणनीति तय गर्नुपर्ने हुन्छ । तर, क्षेत्रीय व्यापारमा डब्ल्यूटीओको अवधारणाभन्दा केही माथि उठेर व्यापार तथा लगानीको क्षेत्र विस्तार गर्ने गरी रणनीति तय गर्न सक्नुपर्ने पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझा बताउँछन् ।